# फोहोरबाट ग्यास

## सिलिन्डरको ९०० रुपैयाँ

**नवीन पौडेल**



परासी- फोहोरबाट बायोग्यास। दिनको १ सय ५० सिलिन्डर उत्पादन। गोटाको ९ सय रुपैयाँ मूल्य। हाम्रै नवलपरासीमा। हो, पश्चिम नवलपरासीको सुकौलीमा 'फोहोरबाट मोहर' फल्न थालेको छ। इन्भिपावर इनर्जी एन्ड फर्टिलाइजर प्रालिले खाना पकाउने ग्यास निकालेर बेच्न सुरु गरिसकेको छ। उद्योगका कार्यकारी सञ्चालक अभिरच अग्रवालका अनुसार पहिलो चरणमा औद्योगिक उपभोक्तालाई उपलब्ध गराइएको छ। 'रामग्राम नगरपालिकाका बजार क्षेत्रमा तत्काल पाइपलाइनबाट भान्छा-भान्छामा ग्यास पुर्‍याउने लक्ष्य छ,' उनले भने, 'यो सस्तो मात्र होइन, वातावरणमैत्रीसमेत छ।'

**बिराटनगरमा बिछ्याइयो बायोग्यास पाइप**

- एलपीभन्दा सस्तो र गुणस्तरयुक्त
- पाइप घरघरमै पुग्ने
- पहिलो चरणमा ३२, त्यसपछि १०० घरमा

— पृष्ठ २ —

कुहिने वस्तु यसको कच्चा पदार्थ हो। फोहोर, कुखुराको सुली, गोबर, चिनी मिलको छोक्रा आदि प्रयोग गरिन्छ। अग्रवालका अनुसार कच्चा पदार्थ जैविक मल बनाउन उद्योगले १५ बिघा जग्गा भाडामा लिएर मकै खेती गरेको छ। त्यो पनि वर्षमा चार पटकसम्म फल्ने जातको। त्यसैलाई कुहाएर कच्चा पदार्थ बनाउने उद्योगको योजना छ। 'तत्काल चितवनबाट कुखुराको सुली ल्याएर प्रयोग गरिरहेका छौं,' उनले भने, 'स्थानीय तहसँग सहकार्य गरेर जैविक फोहोर संकलनसमेत सुरु गरिएको छ।'

पछि पाइपबाट उपलब्ध गराए पनि सुरुमा सिलिन्डरमा भरेर पठाउने गरिएको छ। बजारमा उपलब्ध एलपी ग्यास विस्थापन गर्ने उद्देश्यले उद्योग सञ्चालन गरिएको लगानीकर्ताले दाबी गरेका छन्। त्यसका लागि ४ सय रुपैयाँभन्दा सस्तो दिइएको छ। पहिलो चरणमा परासी र भैरहवाका उद्योग एवं होटलले यसको उपभोग थालेका छन्। 'यसको हिटिङ पावर अन्य ग्यासको भन्दा २५ प्रतिशत बढी छ,' अग्रवालको दाबी छ, 'त्यसैले यो फारो पनि हुन्छ।'

उद्योगले कच्चा पदार्थका लागि नवलपरासी, बाँके, दाङ, रुपन्देहीलगायत जिल्लाका स्थानीय तहसँग फोहोर व्यवस्थापनमा सहकार्य गर्नेबारे छलफल भइरहेको जनाएको छ। केहीसँग त सहकार्य सुरु भइसकेको छ। उद्योगमा ३ हजार ७ सय ५० घनमिटरको प्लान्ट स्थापना गरिएको छ। स्थानीय तहले संकलन गर्ने फोहोरमार्फत दैनिक १२ टन जैविक मल उत्पादन भइरहेको बायोग्यास प्लान्टका प्रबन्धक प्रकाश अर्यालले बताए। 'कुहिने फोहोरमैलाको उचित प्रयोगका लागि प्लान्ट स्थापना गरिएको हो,' उनले भने, 'स्थानीय तहले दिनहुँ संकलन गर्ने फोहोरबाट ग्यास उत्पादन गरिरहेका छौं।' १२ करोड रुपैयाँ लागतको उद्योग सञ्चालनका लागि नेपाल सरकारले ४ करोड ९१ लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ।